अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

# माथिल्लो तामाकोशी जलविद्युत आयोजना

गोंगर, विगु गाउँपालिका, दोलखा

## प्रेस विज्ञप्ति

१. श्रीमान् ऊर्जा सचिव अनुप कुमार उपाध्यायज्यू, नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक श्री कुलमान घिसिङज्यू, ऊर्जा मन्त्रालयका सहसचिवद्वय श्री दिनेश घिमिरेज्यू र श्री प्रविण अर्यालज्यू, आयोजना कम्पनीको सञ्चालकज्यूहरु, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष तथा बीमा संस्थानको प्रतिनिधिज्यूहरुको समुपस्थितिमा यस ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको एक Critical Activity (सबैभन्दा लामो समय लाग्ने Activity) को रुपमा रहेको ८.५ कि.मि. लामो मुख्य सुरुङ (Headrace Tunnel) को भैंसेदेखि गोंगर डाँडासम्म करिब ५ कि.मि. सुरुङ खण्डको खन्ने कार्यको Breakthrough (**ब्रेक थ्रु**) भई **मुख्य सुरुङ**को सम्पूर्ण खन्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ । २०७२ सालको विनाशकारी भूकम्पले गर्दा मुख्य सुरुङको निर्माण कार्य करिब १.५ वर्ष स्थगित भएको थियो ।

२. यसअघि मुख्य सुरुङकै बाँधदेखि भैंसे अडिटसम्म ३ कि.मि. सुरुङ खण्डको खन्ने कार्य २०७० साउन ३० गते सम्पन्न भएको थियो । सो सुरुङ खण्डमा Invert Concrete अन्तिम चरणमा पुगेको छ । त्यस्तै, हाल **ब्रेक थ्रु** भएको सुरुङ खण्डमा Invert Concrete र ९०० मि. Concrete Lining गर्ने कार्यक्रम रहेको छ ।

३. आयोजनाको अत्यन्त कठिन कार्यहरुको रुपमा रहेको दुई वटा ठाडो पेनस्टक स्याफ्ट (Vertical Penstock Shafts) हरु मध्ये ३११ मि अग्लो माथिल्लो पेनस्टक स्याफ्ट (Upper Penstock Shaft) गत २०७४ भदौ ३१ गते र ३७३ मि अग्लो तल्लो पेनस्टक स्याफ्ट (Lower Penstock Shaft) गत २०७१ माघ ०६ गते **ब्रेक थ्रु** भई दुवै स्याफ्टहरुको सम्पूर्ण खन्ने कार्य सम्पन्न भइसकेको छ । उक्त स्याफ्टहरुमा Steel Lining गर्ने कार्य सुरु हुने अवस्थामा रहेको छ ।

४. ३ कि.मि. लामो टेलरेस सुरुङ (Tailrace Tunnel) को खन्ने कार्य २०७१ असोज ८ गते सम्पन्न भएको थियो भने हाल सो सुरुङमा Concrete Lining गर्ने कार्य जारी रहेको छ ।

५. हेडवर्क्सको ९० प्रतिशत र भूमिगत विद्युतगृहको सिभिल निर्माणकार्य ९९ प्रतिशत सम्पन्न भएको छ । हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यहरु अन्तर्गत उपकरणहरुको जडान कार्य धमाधम भइरहेको छ ।

६. गोंगर खिम्ती २२० के.भी. प्रसारण लाइनमा निर्माण गरिने १२७ टावरहरूमध्ये २०७४ कात्तिक मसान्तसम्म ११८ वटा टावरहरुको जग निर्माण गरी ९७ वटा टावरहरूको जडान कार्य सम्पन्न भइसकेको छ । साथै, निर्माण सम्पन्न भएका टावरहरुमा करिब ७.५ किलोमिटर तार तान्ने कार्य पनि सम्पन्न भएको छ ।

७. २०७४ कात्तिक मसान्तसम्म आयोजनाको समग्र भौतिक प्रगति ९२ प्रतिशत पुगेको छ ।

विष्णु

२०७४ मंसिर ३ गते